# बाह्रविसे नगरपालिकाका नगर प्रमुख श्री बालकृष्ण बस्नेतद्धारा प्रस्तुत  आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम

बाह्रविसे नगरपालिका

नगरकार्यपालिकाको
कार्यालय

बाह्रविसे,सिन्धुपाल्चोक ।
२०८२।०३।८

**उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,**

१. बाह्रविसे नगरपालिकाको नगर प्रमुखको हैसियतले बाह्रविसे नगरपालिकाको १७ औं गरिमामय नगर सभामा नीति तथा कार्यक्रम पेश गरि  सभालाई सम्वोधन गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२.सर्व प्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र समग्र मुलुकको दिगो शान्ति, प्रगतीका लागि देशमा भएका क्रान्ति,सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरुमा अमूल्य जीवन अर्पण गर्नुहुने महान शहीदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै विभिन्न कालखण्डमा राष्ट्रको गौरव,एकता र अखण्डतालाई अक्षुण्ण राख्न बलिदान दिने सम्पूर्ण वीर वीरङ्गनाहरुलाई स्मरण गर्दै घाइते भई अपाङ्गता हुनु भएकाहरुमा गहिरो सहानुभुती व्यक्त गर्दछु ।

**उपस्थित नगर सभासदस्यज्यूहरु,**

३.नेपालको संविधान २०७२, स्थानीय शासन सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४ लगाएतका सुशासन सँग जोडिएका ऐन कानुनको अधिनमा रही बाह्रविसे नगरपालिकाले सुशासनको क्षेत्रमा आफ्ना गतिविधिहरु सञ्चालन गरि स्थानीयको घरदैलोमा स्थानीय सरकार रहेको विश्वास हुने गरि कार्यहरु अगाडी वढाईएको छ ।

४.नगरपालिका क्षेत्र भर अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सवै बालवालिकाको पहुँचमा पुर्‍याउन कक्षा १२ सम्म निःशुल्क शिक्षा र कक्षा ६ देखि ८ कक्षा सम्म दिवा खाजाको कार्यक्रमलाई निरन्तरता दिइएको छ । आगामी बर्ष २०८३ साल सम्ममा कक्षा १० सम्मका विद्यार्थीहरुलाई दिवा खाजाको प्रवन्ध गर्ने योजना रहेको छ ।

५.नगरबासीहरुको स्वास्थ्य क्षेत्रमा सहज पहुँच पुर्‍याउनको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरि जनस्तरमा पुर्‍याउने

कार्य भएको छ । बाह्रविसे प्राथामिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालमा परिणत गरि १० शैयाको नगरअस्पताल सञ्चालनमा ल्याइएको छ

६.संघ र प्रदेशबाट बाह्रविसे नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने भौतिक पूर्वाधार निर्माणमा एकद्धार प्रणाली अवलम्वन गरिनेछ ।

७.आगामी आर्थिक बर्ष २०८२।०८३ मा बाह्रविसे नगरपालिकाले देहाय वमोजिम नीति तथा कार्यक्रम बनाई आवश्यक कार्यक्रम तर्जुमा गरेको छ

**क) कृषि तथा पशुपालन कार्यक्रम तर्फः-**

- कृषि पकेट क्षेत्रहरुको निर्धारण गरी आवश्यक कार्यहरु अगाडी वढाईएको छ, वडा नं.६,को यार्सा क्षेत्रमा निकट भविष्यमा नै चिया बगानमा रुपान्तरण हुने गरि कार्य भैरहेको छ ।
- हिमाली आलुको उत्पादन तथा उपभोग वढाउन पकेट क्षेत्र निर्धारण गरी कृषक प्रोत्साहन र बजारीकरण गरिनेछ ।
- ट्राउट माछापालन कार्यलाई प्रोत्साहन गर्ने कार्य निरन्तरता दिइनेछ ।
- पशुपालनको लागि वर्षभरी चरन तथा आहारको व्यवस्था गर्न समुदाय तथा समूहमा आधारित घाँस खेतीलाई प्रोत्साहन गरिनेछ ।
- माटोमा दिखिएको बढ्दो अम्लियपनलाई नियन्त्रण तथा प्राङ्गारिक पदार्थको मात्रालाई बृद्धि गर्न वडास्तरीय र टोलस्तरको सहकार्यमा माटो स्वास्थ्य सुधार कार्यक्रम

सञ्चालन गरिनेछ ।

- स्थानीय कृषि उपजहरुको सहज उपलब्धताको लागि कृषि हाटबजार सञ्चालन गर्ने नीति रहेको छ । साथै कृषकहरुको उत्पादनलाई नगरपालिकाले संकलन गरि विक्री वितरण गर्ने नीति लिइएको छ ।
- रैथाने बालीहरु कोदो, जौ, फापर, भटमास, मस्याङ, मास, घैया धानहरुको उत्पादन संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइएको छ ।
- चिस्यान केन्द्र स्थापनाको लागि प्राविधिक अध्ययन गरी आगामी योजनामा समावेश गरिनेछ ।

**उपस्थित नगर सभासदस्यज्यूहरु,**

ख) .बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाका लागि आवश्यक आधारहरु निर्माणको लागि नगरपालिकाले आफ्ना कार्यक्रमहरु अगाडी वढाई सकेको छ भने वडा नं.१ ले बालमैत्री घोषणाको लागि आवश्यक सम्पूर्ण सूचकहरुको कार्य सम्पन्न गरि सकेको हुँदा वडा नं.१ लाई बालमैत्री वडा घोषणा गर्दै अन्य वडाहरुमा पनि कार्य अगाडी वढाउन निरन्तरता दिइनेछ ।

ग).नगरपालिकास्तरीय गैरवका आयोजनाहरु निर्माण गर्न पालिकाले सडक गुरु योजना र आवद्यिक योजनाहरु निर्माण गरि सकेको छ,आगामी वर्ष.हरुबाट सोहि बमोजिम नगरपालिकाले योजनाहरु तयार गरि अगाडी वढाइनेछ ।

घ) महिला बालवालिका, अपाङ्गता भएका नागरिकहरु र जेष्ठ नागरिकहरुको लागि विशेष कार्यक्रमहरु तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।

ङ)बाह्रविसे नगरपालिका भौगोलिक हिसावले मौषम जन्य र आकस्मिक विपदका घटनाहरु वढी घट्न सक्ने उच्च जोखिममा रहेको पालिका हो,तसर्थ यसका लागि विपद् व्यवस्थापन र विपदमा घर विहिन हुनेहरुको

लागि आवास पुनर्निमाणको कार्यहरु गर्ने नीति लिइएको छ ।

च) कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम र आन्तरिक पर्यटन प्रवर्द्धनको लागि जनप्रतिनिधि र कर्मचारीहरुको लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइएको छ ।

छ) सामुदायिक महिला स्वास्थ्य स्वयंसेवीकाहरुले स्वास्थ्य क्षेत्रमा पुऱ्याइएको योगदानको कदर गर्दै प्रोत्साहन भत्तालाई निरन्तरता दिइएको छ ।

ज) न्यायमा सरल र सहज पहुँचको स्थापना गर्दै स्वतन्त्र,निष्पक्ष र सक्षम न्यायिक समिति मार्फत न्याय प्रदान गर्ने व्यवस्था नीति लिइएको छ ।

झ) दलित समुदायहरुको परम्परागत ज्ञान,सिप र पेशाको आधारमा आधुनिकिकरण गरी जीविकोपार्जन सुधार गरिनेछ । जातीय परम्परामा आधाररित ज्ञान, सिप र पेशालाई आधुनिकिकरण गरी लघु घरेलु उद्योगका रुपमा विकास गर्न प्रोसाहित गर्ने नीति लिइएको छ ।

ञ) जेष्ठ नागरिक समाजका सम्पती हुन भन्ने मान्यतालाई आत्मसाथ गर्दै जेष्ठ नागरिकहरुको ज्ञान, सिप अनुभवहरुको पुस्तान्तरण एवं आत्मसम्मानका लागि जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ट) सवैका लागि अवसर प्रदान गर्न स्थानीयस्तरमा हुने खेलकुदलाई प्रोत्साहन गर्दै खेलकुदका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ठ) बाँझो जमिनको सदुपयोग गर्न प्रोत्साहन गर्दै बाँझो जमिनहरुमा सामुदायिक तथा करार खेतीमा आधारित एकीकृत कृषि प्रणाली मार्फत सामुहिक खेतीको विकास गर्न पहल गरिनेछ ।

**उपस्थित नगर सभासदस्यज्यूहरु,**

ड) बजार क्षेत्रमा सडक बत्ती तथा सी.सी.टि.भी जडान गरि नागरिकहरुलाई सुरक्षित भएको प्रत्याभुति दिने कार्यहरुलाई निरन्तरता दिइने छ ।

ढ) विउ उत्पादनको पकेट क्षेत्र घोषणा गरि विउ उत्पादनमा आत्मनिर्भर बनाइने छ । उच्च मूल्य भएका चिया, कफि, कागती,अलैची, सुन्तला, मह जस्ता नगदे बालीहरुको उत्पादन प्रवर्द्धनका लागि कृषकहरुलाई उत्प्रेरित गरिनेछ ।

ण) नगरस्तरीय आयोजना/कार्यक्रमहरुको जनश्रमदान/जनसहभागितादर १० प्रतिशत कायम गर्ने विगतको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

त) नगरपालिकाले स्थानीय सडकहरु निर्माण गर्दा सडकमा गरिने ढलानमा फलामे डण्डीको प्रयोग नगर्ने विगतको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

थ)नगरपालिका भित्रका पर्यटकिय स्थलहरुको पहिचान गरि पर्यटकहरुको आवगमनमा बृद्धि गर्न प्रचार-प्रसारका कार्यहरुलाई प्रभावकारी बनाइनेछ ।

द)नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र चुस्त पारदर्शि र सुशासन मैत्री बनाउन विद्युतिय शासनलाई प्रोत्साहन गरिनेछ । साथै सार्वजनिक सुनवाई, सामाजिक परिक्षण, तेस्रो पक्ष मूल्याङ्कन जस्ता क्रियाकलापहरु गरिनेछ । जनप्रतिनिधि र कर्मचारीहरुको लागि विभिन्न किसिमका क्षमता विकास तथा सिप

विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ध) दिगो विकासका  लक्ष्यहरुको सूचकहरुलाई आधार मानि सोहि बमोजिमका कार्यहरु गरिनेछ ।
न) यस नगरपालिका क्षेत्र भित्रको फोहरमैलाको उचित व्यवस्थापन गर्न फोहरमैलाको संकलन,प्रशोधन पुनःप्रयोग गर्न आवश्यक फोहरमैला विसर्जनको व्यवस्था मिलाइनेछ ।

य) भौतिक पूर्वाधार तथा आर्थिक विकासका विभिन्न कार्यहरु सञ्चालन गरिनेछ ।

र) विगतमा लिइएका नीतिहरुलाई निरन्तरता दिइएको छ । नगरपालिकाले लिइएका नीतिहरु स्रोत साधनको उपलव्धता अनुसार क्रमिक  रुपमा पुरा गर्दै लगिने छ ।

**उपस्थित सभासदस्यज्यूहरु,**

ल) अन्तमा बाह्रविसे नगरपालिकाको सवै किसिमका विकास निर्माणका कार्यहरुमा योगदान पुर्‍याउने नगर सभा सदस्य तथा जनप्रतिनिधिहरु,राष्ट्रसेवक कर्मचारीहरु,सञ्चारकर्मीहरु नीजि क्षेत्र तथा नागरिक समाज,विकास निर्माणमा आफ्नो सिप र क्षमता अनुसारको कार्य गर्ने श्रमिकहरु नगरबासी आमा-बुवा,दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

बालकृष्ण बस्नेत
नगर प्रमुख

धन्यवाद ।